नेपाल सरकार

गृह मन्त्रालय

# राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep #८३

२७ भदौ २०७७

**२०७७ बैशाख १ देखि भदौ २६ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण**

| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २५१ | ४९ | १९१ | ३९ | ३६ | ११ | ६१ | ० | २०० | **३५१** | **८५** | **४०२** |

**२०७७ जेठ ३० मनसुन सुरु भएदेखि भदौ २६ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण**

| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २४९ | ४९ | १९० | ३६ | ३५ | ९ | ३१ | ० | ८१ | **३१६** | **८४** | **२८०** |

**२०७७भदौ २६ देखि २७ गते विहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण**

| पहिरो | | | आगलागी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ० | ३ | **३** | ० | ० | **०** | ० | ० | **०** | ० | ३ | **३** |

# दैनिक विपद् बुलेटिन

## २६ भदौ विहान१०:००बजेदेखि २७ भदौ बिहान१०:००बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरी **६** स्थानमा **पहिरो, १** स्थानमा **जंगली भालुको आक्रमण**का घटना घटेका छन् । यी घटनामा परेर **३** जनाको **मृत्यु, ३** जना **घाईते** भएका छन् । **पहिरो**का कारण **४२ लाख रुपैंया** बराबरको धनमाल क्षति भएको छ, **१ स्थानमा बाटो अबरोध** भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ३ | ० | ७ | ३ | ४२,००,००० | १ | १ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **७** वटा घट्ना भएका छन् ।
- **रोल्पा**को लुङग्री गाउँपालिका वडा नं १ ऐतेस्थित एक गोठ माथिबाट **पहिरो** आई गोठ भत्किदा गोठमा सुतेका **२ जना बालकको** च्यापिएर **घटनास्थलमा नै मृत्यु** ।
- **बाग्लुङ**को वडिगाडं गाउँपालिका वडा नं १० निगालपानीस्थित एक घर नजिकै बारीमा जाने क्रममा माथिबाट **पहिरो** आई **एक व्यक्ति** पुरेर बेपत्ता भएकोमा खोजतलास गर्ने क्रममा **मृत फेला** ।
- **प्युठान**को नौबहिनी गाउँपालिका वडा नं ७ गोगनपानीस्थित एक घर बर्षातका कारण माथिबाट **पहिरो** आई भत्कन गई **२ जना सामान्य घाईते** ।
- **दार्चुला**को महाकाली नगरपालिका वडा नं ६ पउनेखोलास्थित घट्टमा मकै पिस्न जाने बर्ष ३२ की **एक महिलालाई जंगली भालुले आक्रमण** गर्दा **घाईते** ।

## घट्ना सारांश...

- **संखुवासभा**को सिलिचोङ गाउँपालिका वडा नं २ चिर्खुवास्थित एक स्वास्थ्य चौकीको भवन बर्षासंगै माथिबाट आएको **पहिरो**ले पुरिदा पूर्णरुपमा क्षति भई भवनभित्र रहेको औषधी, सोलार, जिन्सी सामान, इलेक्ट्रिक सामानहरु, आइसिटि औजार समेत क्षति भई **४२ लाख रुपैंया** बराबरको क्षति ।
- **कास्की**को पोखरा महानगरपालिका वडा नं २४ खोरियापानीस्थित एक घर अगाडिको आगनबाट **पहिरो** जाँदा एक कच्चि गोठ पुरिन गई १ वटा भैसी पुरिएर मरेको ।

## बाटो अवरोध

- **दैलेखको** दुल्लु नगरपालिका वडा नं १ दरबारेस्थित **कर्णाली राजमार्ग**मा माथिबाट ढुङ्गा माटो सहितको **सुख्खा पहिरो आई बाटो अबरोध** ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट पहिरो र जंगली भालुको आक्रमणमा परी घाईते भएकाको उद्धार गरी नजिकैको स्वास्थ्य उपचार केन्द्रमा पुर्याइएको, पहिरोका कारण अवरोध भएको बाटो खुलाउने प्रयास जारी, बाग्लुङ ढोरपाटनको पहिरोमा परी बेपत्ता भएकाको खोजी कार्य जारी ।

## बाढी पूर्वानुमान

**भदौ-२७ (शनिबार) (विहान ७ बजे देखि २४ घण्टा)**

- **आज कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने, कोशी, नारायणी र यसका सहायक नदीमा बहाब बढ्दो हुने तथा सवैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ। कोशी जलाधारका केही स-साना सहायक नदीमा बहाब केही बढ्ने र केहीमा आकस्मिक बहाब हुन सक्ने पूर्वानुमान छ ।**
- **आज पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब सामान्य बढ्ने तथा सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ । आज कन्काई, कमला, बागमती, पूर्वी राप्तीका स-साना नदी जलाधारमा बहाब केही बढ्ने र केहीमा आकस्मिक बहाब हुन सक्ने पूर्वानुमान छ ।**
- **आज ईलाम, झापा, सुनसरी, पाचँथर, ताप्लेजुङ, धनकुटा, सोलुखुम्बु, संखुवासभा, उदयपुर, भोजपुर, खोटाङ, ओखलढुङ्गा, बारा, पर्सा, रौतहट, सिन्धुली, दोलखा, रामेछाप, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, काठमाडौं उपत्यका, रसुवा, नुवाकोट, धादिङ, मकवानपुर, चितवन, गोरखा, लमजुङ, कास्की, तनहुँ, पर्बत, म्याग्दी, बागलुङ, स्याङ्जा, नवलपरासी, सल्यान, सुर्खेत, दाङ, बाँके, बर्दिया, कैलाली, कन्चनपुर र आसपास जिल्ला भई बहने केही स-साना नदी जलाधारमा क्षणिक मध्यम बर्षा भई बहाब केही बढ्ने र केहीमा आकस्मिक बहाब( Flash Flood) हुन सक्ने पूर्वानुमान छ ।**

**नोट: पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ । रातो रङले उच्च जोखिमको संकेत गर्छ ।**

**थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः http://hydrology.gov.np/**

## वर्षाको सारांश

भदौ २६ गते बिहान ०८:४५ बजे देखि भदौ २७ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०५/२७ गते बिहान ०८:४५ बजे १८७ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ५१ र स्वचालितः १३६) मा मापन गरिएको वर्षाको विवरण अनुसार ७५ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १) । उक्त केन्द्रहरु मध्ये सबैभन्दा बढी वर्षा (९८मि. मी.) बारा जिल्लाको सिमरा केन्द्रमा मापन गरिएको छ । वर्षा मापन भएका केन्द्रहरु मध्ये ४ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढी, १४ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढी र २४ वटा केन्द्रमा १० मि. मी. भन्दा बढी वर्षा मापन भएको छ ।




चित्र १: दैनिक वर्षा(छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/मा हेर्नुहोस।**